म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १५६ २०८० वैशाख १७ गते आइतबार 30 April 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

# समुदायमा आधारित रोजगारीका लागि तालिम



*तालिममा सहभागी भई सीप सिकेकालाई सिलाई मेसिन हस्तान्तरण गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामा (बायाँ) ।*

समाज संवाददाता

हेटौंडाः समुदायमा आधारित रोजगारीको अवसर सृजना गर्ने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले गार्मेन्ट तालिम सञ्चालन गर्ने भएको छ। पहिलो चरणमा आधारभूत र दोश्रो चरणमा एड्भान्स तालिम सञ्चालन गर्दै घरमै बसेर रोजगार बन्ने अवसर सिर्जना गर्ने प्रयास हेटौंडा उपमहानगरपालिकाले थालेको हो ।

पहिलो चरणमा हेटौंडा-५, पिप्लेमा सञ्चालन भएको एक महिने आधारभूत तालिमको शुक्रबार समापन गरिएको छ। तालिम समापन समारोहलाई सम्बोधन गर्नुहुँदै हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले रोजगारीको अवसरबाट बिमुख भएका महिलाहरुलाई आयआर्जनमा जोड्नका लागि काम गरिरहेको बताउनुभएको छ । उहाँले तालिम लिने मात्र नभई सीपलाई आयआर्जनको पाटोमा जोड्नका लागि उपमहानगरले आवश्यक सहजीकरण गर्ने बताउनुहुँदै ज्ञानलाई उत्पादनसँग जोडेर काम गर्न सुझाव दिनुभएको छ। तालिममा सहभागीलाई आवश्यक उपकरण र कच्चा पदार्थका लागि उपमहानगरले सकेको व्यवस्थापन मिलाउने उहाँले विश्वास दिलाउनुभएको छ । उहाँले अब हेटौंडा-१८ मा गार्मेन्ट तालिम सञ्चालनको तयारीमा उपमहानगर रहेको जानकारी दिनुभयो ।

पहिलो चरणको आधारभूत तालिम लिएका १० जना महिलाका लागि आवश्यक पर्ने मेसिनको व्यवस्थापन उपमहानगरले गर्ने भएको छ । तालिम लिएकाहरुलाई अहिलेका लागि आवश्यक रहेको ७ वटा मेसिन मध्य तालिमको क्रममा खरिद गरेका ४ वटा रहेको र बाँकी ३ वटा मेसिन उपमहानगरले दिने भएको छ । पहिलो चरणको आधारभूत तालिममा सहभागीले सर्टपाइन्ट र फ्रक सिलाउन सिकेका छन् । आधारभूत तालिममा सहभागीलाई उपमहानगरले जेठमा एड्भान्स तालिम आयोजना गर्दै उनीहरुको दक्षता अभिवृछि गरिने बताइएको छ ।

एड्भान्स तालिम सञ्चालन नभएसम्मका लागि खोपेगल्लीमा रहेको जय प्रकृति सिलाई प्रशिक्षण केन्द्रमा निःशुल्क सीप सिक्ने व्यवस्था केन्द्रका सञ्चालक मेनुका श्रेष्ठले दिनुभएको छ । तालिमको समापनमा उपमहानगर पालिकाका विज्ञ सल्लाहकार कृष्ण धिताल, सहकारी तथा उद्योग विकास शाखाका हिमप्रसाद पौडेल, प्रशिक्षक अनुज परियार, नेपाल कपडा तथा सिलाई व्यवसायी संघका अध्यक्ष जितेन नेपालीको आतिथ्य रहेको थियो ।

तालिम समापनको क्रममा उपमहानगरले रोगजारीको अवसर सृजना गर्नका लागि हेटौंडा-१७ उर्मिला

...बाँकी पृष्ठ ३ मा

# रास्वपाको पहिलो वडा समिति हेटौंडा-११ को अध्यक्षमा सुवेदी

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मकवानपुर जिल्लामा पहिलो वडा समिति गठन गरेको छ । शनिबार हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा समिति गठन गरेको हो । पार्टीमा आस्था राख्ने वडावासीको भेलाले सुवोध सुवेदीको अध्यक्षतामा १३ सदस्यीय वडा समिति सर्वसम्मत गठन गरेको हो ।

अपेक्षा गरिएभन्दा बढी शुभेच्छुकको उपस्थितिमा वडा समिति गठन गरिएको नवनिर्वाचित वडा अध्यक्ष सुवेदीले जानकारी दिनुभएको छ । वडा समितिको उपाध्यक्षमा चन्द्र डंगोल, सचिबमा सन्तोष खत्रि, कोषाध्यक्षमा शान्ति थापा बिडारी चयन हुनुभएको छ। यस्तै सदस्यमा सतिकला बिक, निरोज सापकोटा, कल्पना श्रेष्ठ, उमा आचार्य, राम कुमार बजगाई, रिता शिवाकोटि, प्रेम बहादुर स्याङ्तान, नमराज दाहाल र उद्धब गजुरेल चयन हुनुभएको छ। रास्वपा मकवानपुर जिल्ला समितिका सभापति भरत पराजुली र हेटौंडा उपमहानगर समिति अध्यक्ष ध्रुव विष्टको उपस्थितिमा भएको भेलाले सल्लाहकारमा रमेश बर्तौला, रामेश्वर पोखेल, शेखर बास्कोटा, कमल थापा मगर, बिजुल किशोर राजभण्डारी र हरिकृष्ण घिमिरेलाई चयन गरेको छ ।

विगतमा गुण र दोषका आधारमा आफ्नो मताधिकार फरक फरक दललाई दिए पनि प्रत्यक्षरुपमा कुनै पनि दलमा संलग्न नरहेको उल्लेख गर्नुहुँदै नवनिर्वाचित वडा अध्यक्ष सुवेदीले युवा नेतृत्व र आम नागरिकले आशा गरेको नयाँ दल भएकोले वडामा नेतृत्व लिएको बताउनुभएको छ। शिक्षा शास्त्र संकायमा मूल विषय अंग्रेजी लिएर स्नातक तह उत्तीर्ण सुवेदी मोवाइल व्यवसायी हुनुहुन्छ । रोजगारीको सिलसिलामा १० वर्ष खाडी मुलुक बस्नु भएका सुवेदी आफ्नो अनुभव र जनअपेक्षाअनुसार वडामा राम्रो काम गर्ने बताउनुहुन्छ ।

**हार्दिक बधाई**




**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन शिखरकोट इकाई समिति**को मिति २०८० साल बैशाख १६ गते शनिबार सम्पन्न **तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशन**बाट सर्वसम्मत निर्वाचित अध्यक्ष जेयो तामाङ, उपाध्यक्ष कृष्ण बलामी, सचिब उपेन्द्र केसी, सहसचिब झर्ना गोपाली, कोषाध्यक्ष शर्मिला जिम्बा, सदस्य भिम बहादुर स्याङ्तान र विश्वास केसीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पूर्णचन्द्र अर्याल, अध्यक्ष

**एवम् मकवानपुर जिल्ला समन्वय समिति परिवार**
**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**हार्दिक आभार**



**मकवानपुर घरजग्गा व्यवसायी संघ**को मिति २०८० साल बैशाख १६ गते शनिबार हेटौंडामा सम्पन्न **चौथो साधारणसभा तथा दोस्रो अधिवेशन**बाट मेरो अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गर्नुहुने साधारण सदस्य, निवर्तमान अध्यक्ष, सल्लाहकार, सहयोगी एवम् शुभेच्छुकमा हार्दिक आभार व्यक्त गर्दछु । साथै व्यवसायीको हितमा कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

कमलराज मैनाली
अध्यक्ष
**मकवानपुर घरजग्गा व्यवसायी संघ**

**हार्दिक बधाई**



**मकवानपुर घरजग्गा व्यवसायी संघ**को मिति २०८० साल बैशाख १६ गते शनिबार हेटौंडामा सम्पन्न **चौथो साधारणसभा तथा दोस्रो अधिवेशन**बाट सर्वसम्मत निर्वाचित अध्यक्ष कमलराज मैनाली, उपाध्यक्ष भिम प्रसाद तिमल्सिना, राजकुमार बानियाँ र ईवाकर मैनाली, महासचिव शम्भु पुडासैनी, सचिव विजय गौतम, कोषाध्यक्ष कृष्ण प्रसाद चौलागाई र सह-कोषाध्यक्ष दिपेन्द्र यादव, सदस्यहरु राज कुमार थिङ, गोपाल कृष्ण नेपाल, गणेश बहादुर भोलन, शंकर बहादुर राउत र राज कुमार बास्तोलालाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**युथ भिजन ट्रेडिङ कन्सर्न परिवार**
हेटौंडा-१, मकवानपुर

# सम्पादकीय

## बालमैत्री पालिकामै बालश्रम

मकवानपुर जिल्लाका स्थानीय तहहरु बालमैत्री घोषणामा प्रतिस्पर्धा गरिरहेका छन् । करिब ३ वर्षअघि मकवानपुरको मनहरी गाउँपालिका बालमैत्री घोषणा भएको हो । मनहरी गाउँपालिका राज्य पुनर्संरचनापछि बालमैत्री घोषणा गर्ने पहिलो पालिका बनेको थियो । मनहरीपछि मकवानपुर जिल्लाको बकैया र मकवानपुरगढी गाउँपालिका पनि बालमैत्री घोषणा भइसकेको छ । हेटौंडा उपमहानगरपालिकालाई पनि बालमैत्री शासनयुक्त पालिका घोषणाको तयारी भइरहेको छ । पूर्वघोषित मितिमै बालमैत्री घोषणा गरियो भने अबको ७ महिनापछि हेटौंडा उपमहानगरपालिका पनि बालमैत्री स्थानीय तह घोषणा हुनेछ । धमाधम बालमैत्री स्थानीय तह घोषणा तथा तयारी भइरहेको अवस्थामा बालश्रम तथा बालविवाहको समस्या चुनौतीपूर्ण बनिरहेको छ । बालमैत्री घोषणाका लागि तोकिएका अन्य सूचकहरु कार्यान्वयनको अवस्थासमेत सन्तोषजनक नभइरहँदा बालविवाह र बालश्रम अन्त्य गर्नु चुनौतीपूर्ण बनिरहेको हो ।

देशकै पहिलो बालमैत्री पालिका घोषणा भएको मनहरी गाउँपालिकामा एकैदिन ७ जना बालश्रमिकको उद्वार गरिएको छ । गत बिहीबार श्रम कार्यालय हेटौंडाको अगुवाईमा भएको अनुगमनमा मनहरीमा ७ जना बालश्रमिकको उद्वार गरिएको हो । अनुमगनका क्रममा हेटौंडाका एकजना व्यवसायीलाई बालश्रम प्रयोग गरेकोमा जरिवानासमेत गराइएको छ । बाल हेल्पलाइन मकवानपुर, मनहरी गाउँपालिका र श्रम कार्यालयको संयुक्त अनुगमन टोलीले मनहरी गाउँपालिकाका होटल, ग्यारेजलगायतका स्थानमा अनुगमन गरेको थियो । अनुगमनका क्रममा टोलीले मनहरी-६ को सन्दिप होटलमा २ जना बालिका र लोथर होटलमा १ जना बालकलाई उद्वार गरेको छ । यस्तै, मनहरी-७ को सिन्तान गाडी वास सेन्टरबाट ३ जना बालक र मनहरी-८ को श्रेष्ठ होटलबाट १ जना बालकलाई बालश्रम गरिहेको अवस्थामा फेला पारेर उद्वार गरेको हो । बालश्रममा रहेका ७ जना बालबालिकाहरु १२ वर्षदेखि १६ वर्षसम्मका रहेको बताइएको छ । अनुमगनका क्रममा १४ वर्षीय बालकलाई श्रममा लगाएको पाइएपछि श्रम कार्यालयले हेटौंडा-११, थानाभञ्ज्याङस्थित कटन क्यान्डी कारखानाका सञ्चालक श्याम मालीलाई जरिवानासमेत गरेको छ । एक महिना अगाडि उद्वार गरी बाल हेल्पलाइको संरक्षणमा पठाइएको बालकलाई पुन: कटन क्याण्डी बेच्ने काममा लगाएको पाइएपछि जरिवाना गरिएको हो ।

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले १६ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण कार्यमा लगाउन निषेध गरेको छ । कानुनीरुपमा दण्डनीय बालश्रम एउटा सामाजिक समस्या पनि हो । नेपालमा बालश्रम अझै आधुनिक दासताकै रुपमा रहेको छ । बालश्रम शोषणका कारण लाखौं बालबालिका शिक्षालगायतका अधिकारबाट वञ्चित भइरहेका छन् । करिब एक दशकअघि नै हेटौंडा उपमहानगरपालिकाका धेरै वडाहरु बालश्रममुक्त घोषणा भइसकेको भए पनि व्यवहारमा अझै बालश्रम उल्लेख्य पाइने गरेको छ । नियमनकारी निकायले बेलाबखत गर्ने अनुगमनका क्रममा बालश्रममा संलग्न बालबालिकालाई उद्वार गरेर परिवारको जिम्मा लगाउने र केही रोजगारदातालाई सामान्य जरिवाना गर्ने गरिए पनि बालश्रम अन्त्य हुन सकेको छैन ।

गरिबी र अभावका कारण अभिभावकले नै आफ्ना छोराछोरीलाई घरेलु कामदार, होटल, ग्यारेज आदि क्षेत्रमा काम गर्न पठाउने गरेका कारण पनि बालश्रममुक्त गर्न चुनौती बनिरहेको छ । हेटौंडा बजार क्षेत्रमा जिल्ला बाहिर तथा छिमेकी देश भारतबाट समेत बालबालिका बालश्रममा रहेकाले बालश्रमुक्त गर्नु थप चुनौती बन्ने प्रष्ट छ । बालमैत्री घोषणाको तयारी गरिरहेको हेटौंडा उपमहानगरपालिकाले रोजगारदाता परामर्श र अनुगमनको कार्यलाई सघनरुपमा अघि बढाएर बालश्रम न्यूनीकरण गर्नु आवश्यक देखिन्छ । रहर वा बाध्यताले श्रममा संलग्न बालबालिकालाई उचित शिक्षा र अभिभावकलाई आयआर्जनको उपाय खोजी गराउन पनि स्थानीय तहहरु क्रियाशील बन्न सकेमा बालश्रम न्यूनीकरण गर्न सहज हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : जिम्मेवारी र दायित्व बढने समय छ । |
| वृष | : पराक्रम बढ्ने र प्रतिष्ठित बन्ने समय छ । |
| मिथुन | : आस मारेको धन फिर्ता हुने समय छ । |
| कर्कट | : नयाँ अवसरले प्रतिक्षा गर्ने समय देखिन्छ । |
| सिंह | : आर्थिक पक्ष बाधक रहेको देखिन्छ । |
| कन्या | : लगानी बढाउने समय रहेको छ । |
| तुला | : अवसरहरुको उपयोग गर्ने समय योग छ । |
| वृश्चिक | : यात्राको योग र भेटघाटमा समय बित्ला । |
| धनु | : थकान र उत्साहमा समय योग रहेको छ । |
| मकर | : व्यक्तित्व विकास हुने समय योग रहेको छ । |
| कुम्भ | : धार्मिक तिर्थ स्थलको भ्रमण हुने समय छ । |
| मीन | : आम्दानी बढने समय योग रहेको छ । |

# वास्तविक सिकाइ र “बुक फ्रि डे” को सन्देश



✍ विमला ज्ञवाली

शिक्षाविद् क्रोन व्याकले अनुभवको परिणामबाट व्यवहारमा आउने परिवर्तनले सिकारूको सिकाइलाई देखाउँछ भन्दै सैद्धान्तिक भन्दा पनि व्यावहारिक सिकाइलाई महत्व दिएका छन् । विभिन्न अनुभव, तालिम वा अभ्यासद्वारा सिकारुको व्यवहारमा देखिने अपेक्षित स्थायी परिवर्तन नै सिकाइ हो । आदिमकालदेखि नै औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाको माध्यमबाट सिकाइलाई प्रभावकारी बनाउँदै व्यक्तिमा अन्तरनिहित क्षमतालाई प्रस्फुटन गराई नैतिकवान, चरित्रवान, अनुशासित र कर्मशील बनाउन उत्प्रेरित गरिएको पाइन्छ भने आधुनिक समाजमा पनि नवीनतम् सोचलाई समेत दृष्टिगत गर्दै जान्नका लागि सिकाइ, गर्नका लागि सिकाइ, केही बन्नका लागि सिकाइ र सँगै बाँच्नका लागि सिकाइ भनी सिकाइका चार स्तम्भहरूलाई आत्मसात गरेको पाइन्छ ।

जान्नका लागि गरिने सिकाइले व्यक्तिको स्मरण शक्ति, तार्किक क्षमता, कल्पना तथा निर्णय क्षमताको विकास गर्दै बौद्धिक क्षमताको विकास गर्दछ भने व्यक्तिको सामाजिक व्यवहार निर्माण गर्न, दायित्व वहन गर्न, समस्या समाधान गर्न र नयाँ परिस्थितिमा समायोजन हुन, गर्नका लागि सिकाइले मुख्य रुपमा भूमिका खेलेको हुन्छ । सिकाइले नै व्यक्तिको सिर्जनात्मक सोचाइको विकास गर्दै सही, गलत, खराब, असल, अँध्यारो वा उज्यालो छुट्याई पारिवारिक तथा सामाजिक सद्भाव तथा सहअस्तित्वलाई आत्मसात गर्दै सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउने भएकाले यसलाई सरल, सहज, व्यावहारिक र वस्तुगत बनाउनु पर्दछ ।

वास्तविक सिकाइले जीवनका लागि अत्यावश्यक ज्ञान प्रदान गर्दछ जसले व्यक्तिको बौद्धिक क्षमताको विकास गर्छ । व्यवहारिक सीपमा निपूर्ण बनाउँछ । अनि वातावरणीय पक्षका विविध आयामहरूको बुझाइको विकास गर्छ । तर बिडम्बना, हामी आज पनि पुस्तकको झोलाको भारी र शैक्षिक प्रमाणपत्रको अंकका आधारमा आफ्ना बालबालिकाको शैक्षिक गुणस्तर मापन गरिरहेका छौं । घोकेर बढी भन्दा बढी अंक ल्याउनै पर्ने दबाबमूलक सिकाइलाई आत्मसात गरिरहेका छौं यद्यपि शैक्षिक प्रमाणपत्रमा मनग्ये प्राप्तांक ल्याएका कैयौं विद्यार्थीहरूमा व्यावहारिक ज्ञान भने शून्यप्रायः रहेको पाइन्छ । दिनको करिब १०-१२ घण्टासम्म शैक्षिक संस्थाको घेराभित्र राखी हामी त्यस्ता जनशक्ति उत्पादन गरिरहेका छौं जसलाई किताबी पाना भन्दा बाहिरको दुनियाँ थाहा छैन, न त तिनको मतलव नै छ ।

एक्काको घोडा बनेर किताबी पाना घोकेर प्रमाणपत्रमा अंकको भारी बोक्नुबाहेक हाम्रो कुनै लक्ष्य छैन । सीर्जनशील व्यक्तित्व अंकुरण नहुँदै निमोठिन्छन् । जसले जीवनभर शैक्षिक संस्थाको चौघेराभन्दा बाहिरको दुनियाँ देखेको छैन, उसले कसरी भनोस् धान कसरी फल्छ ? फुटबल कसरी खेलिन्छ ? संगीत के हो ? चित्र कसरी बनाउने ? अनि संस्कार के हो ? संस्कृति कसरी निर्माण हुन्छ ? घरमा मान्यजन आउँदा कसरी आदर गर्नुपर्दछ, वन-जंगल, नदी, चराचुरुंगी प्रकृतिका सुन्दर उपहार हुन् । वातावरणसँग हाम्रो कस्तो सम्बन्ध छ । माटोको उर्वराशक्ति के हो ? कलात्मकचित्र कसरी कुद्ने ? आदि-आदि अनेकौं तथ्यहरु । किनकि यी सबै कुराहरु व्यवहारिक सीपबाट मात्र सिकिन्छ न कि किताबको पाना घोकेर । पुस्तकको झोलाको भारीको नतिजा त उत्कृष्ट प्रमाणपत्र तर व्यवहारशून्य जनशक्तिको निर्माण मात्र हुन्छ ।

सिकाइले जीवनका लागि अत्यावश्यक ज्ञान प्रदान गर्दछ, बौद्धिक क्षमताको विकास गर्छ । व्यवहारिक सिकाइले सिकारुको शिल्पलाई निखार दिँदै जीवनयात्रालाई सरल र सहज बनाउने भएपनि हाम्रो शिक्षण पद्दति धेरै किताब बोक्नुपर्ने, घोक्नुपर्ने र अंक बढी भन्दा बढी ल्याउनुपर्ने दबाबमूलक प्रकृतिको छ । यसरी बालबालिकालाई दबाबमूलक शिक्षा जबरजस्ती दिन खोजेको खण्डमा बाल मनोविज्ञानमा ठूलो धक्का पुग्ने देखिन्छ । पुस्तकको भारी बिना पनि स्तरीय सिकाइ गर्न सकिन्छ भन्नका लागि आइन्स्टाइन, अल्बा जस्ता कैयौं उदाहरणहरु छन् । सबै बालबालिकाहरू समान प्रकृतिको नहुने हुनाले उनीहरूको क्षमता, रुचि र विषयवस्तुलाई प्राथमिकतामा राखेर सिकाइ गराउनु पर्दछ ।

“अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः” अर्थात् कुनै पनि व्यक्ति अयोग्य हुँदैन तर उसमा भएको योग्यतालाई बुझेर तदनुकूल स्थानमा जोड्ने व्यक्ति भने दुर्लभ हुन्छ भनेर नीतिमा भनिएको कुरालाई बुझेर नै सायद अल्बर्ट आइन्स्टाइनले बाल मनोविज्ञानलाई प्रश्रय दिँदै भनेका छन् “पढ्न जानेन भने लेख्न सिकाऊ, लेख्न जानेन भने खेल्न सिकाऊ, खेल्न जानेन भने बोल्न सिकाऊ, बोल्न जानेन भने गाउन वा नाच्न सिकाऊ, त्यो पनि जानेन वा चासो दिएन भने चित्र कोर्न, भान्सामा सघाउन, खेल खेल्न वा अन्य के काम गर्न चाहन्छ त्यही सिकाऊ जसले गर्दा उसको रुचिको सिकाइले व्यावहारिकता प्रदान गरोस् ।”

हाम्रो विद्यालयीय शिक्षा व्यावहारिक भन्दा पनि बढी परीक्षामुखी भएकोले सिकाइ क्षणिक हुने गरेको छ । जसले गर्दा बालबालिकामा विद्यालयको घेराबाट बाहिर वास्तविक जीवनमा आइपर्ने विविध समस्याको समाधानमूलक सीपको कमी रहेको पाइन्छ । सैद्धान्तिक ज्ञानमा निपूर्ण भएपनि व्यावहारिक ज्ञानमा शून्यप्रायः अवस्थाले जीवनजिउने कला कठिन बनेको पाइन्छ । परीक्षामा उत्कृष्ट अंक ल्याएका कैयौं बालबालिकाहरू श्रमको मूल्यन जानेर जीवनयापनका आधारभूत तथ्यहरूबाट विमुख हुँदै गइरहेका छन् । करेसाबारी, फूलबारी वा घरायसी कामहरूमा बालबालिकालाई सहज ढंगले सिकाइको अवसर प्रदान गर्नु हाम्रो कर्तव्य पनि हो ।

बालबालिकाको व्यक्तित्व निर्माण गर्ने मुख्य थलो घरपरिवार र विद्यालय नै हो तर आजभोलि कतिपय सन्दर्भमा बालिबालिकाले घरमा भन्दा विद्यालयमा बढी समय बिताउने हुनाले तुलनात्मक रुपमा विद्यालयको भूमिका बढी नै हुन्छ । तर रटाएर अंक ल्याउने होडबाजीले हामीले बाल मस्तिष्कलाई एउटा मेशिनको रूपमा प्रयोग गरिरहेका छौं । आफ्नो व्यस्त दैनिकीलाई सहज बनाउन अत्यन्त कम उमेरका बालबालिकालाई विद्यालय पठाउने, सकेसम्म आफ्नो पारिवारिक जिम्मेवारी पनि विद्यालयलाई नै सुम्पने र घरमा सँगै रहँदा पनि बालबालिकासँग भन्दा सामाजिक सञ्जालको सानिध्य रुचाउने अभिभावक र बालबालिकालाई मेशिनको रूपमा प्रयोग गर्ने शैक्षिक संस्थाको प्रत्यक्ष मारमा कलिला बालमस्तिष्कहरू परिरहेका छन् ।

एकातर्फ आफ्नो भन्दा बढी तौल भएका झोलाको पुस्तकको भारी छ भने अर्कोतिर विद्यालय र अभिभावकको इज्जतका लागि विद्यालय पुगेकै दिनबाट कसरी अंक बढाउने भन्ने तनावमा कैयौं बालबालिका डिप्रेशनको सिकार भएका छन्, कैयौं सिर्जनशील मस्तिष्कमा तुषारापात भएको छ । अत्यन्त थोरैले मात्र पल्लवित र पुष्पित हुने अवसर पाउने गरेका छन् । त्यसकारण विसंगति वा कुलतमा फस्नु भन्दा फुर्सदको समयमा घरायसी कार्यमा लागी बालबालिकाहरुलाई समेत सिकाइको सुनौलो अवसर सिर्जना गर्नुपर्दछ । जसले गर्दा जीविकोपार्जनलाई सहज बनाउनुका साथै आयआर्जनमा समेत टेवा पुग्ने देखिन्छ । सैद्धान्तिक ज्ञानको सुगा रटाइ भन्दा बाहिर आई व्यावहारिक ज्ञान, सीप र क्षमतालाई समेत समावेश गरेमात्र सिकाइ उपलब्धिमूलक बन्न सक्छ ।

शैक्षिक संस्थाहरूद्वारा पूर्वनिर्धारित पाठ्यक्रम, योजना तथा नीतिनियममा आधारित भएर शिक्षण संस्थाको घेरा भित्र प्रदान गरिने शिक्षा औपचारिक शिक्षा हो भने औपचारिक घेरा भन्दा बाहिर जीवनोपयोगी व्यावहारिक ज्ञान दिने कुराको शिक्षा अनौपचारिक शिक्षा हो । सचेतनामूलक कार्यक्रम तथा विविध सीपमूलक कार्यक्रमहरू अनौपचारिक शिक्षाका उदाहरण हुन् । “एउटै नम्बरको जुत्ता सबैलाई ठीक हुन्छ” भन्ने खालको परम्परित सिकाइले सिकारुको क्षमता, लगाव, चाहना, स्तरजस्ता कुराहरूलाई वेवास्ता गरी समान प्रकृतिको सिकाइ र मूल्यांकन गर्ने प्रक्रियामा समयअनुरूप परिवर्तन हुँदै गएको पाइन्छ । आहारविहार, पालनपोषण, पारिवारिक, सामाजिक, बौद्धिक, भौतिक तथा सामाजिक वातावरणले हरेक व्यक्तिमा शारीरिक, बौद्धिक तथा व्यक्तित्वमा विविधता ल्याउँछ जसले गर्दा सिकाइ क्षमता पनि समान हुँदैन ।

कोही तीक्ष्ण बुद्धि भएका हुन्छन् भने कोही शारीरिक रूपमा अब्बल हुन्छन् । त्यस्तै कसैलाई संगीतमा बढी रुचि हुन्छ भने कसैलाई खेलकुद वा साहित्य लेखनमा वा अरू कुनैमा । यसरी किताबी आवरणबाट बाहिर आएर सिकारुको रुचि अनुरुप व्यावहारिक ज्ञानको अभिवृद्धि गर्न विद्यालयमा हप्तामा कुनै दिन बिना किताब उपस्थित भएर सीपयुक्त ज्ञान हासिल गर्नु नै “बुक फ्रि डे” को अवधारणा हो । आजको हाम्रो विद्यालयीय शिक्षा नितान्त औपचारिक र कागजी प्रमाणमा मात्र सीमित भएकोले किताबी कोरा ज्ञानभन्दा बाहिर निस्केर सीपमूलक व्यावहारिक सिकाइ आजको आवश्यकता हो । यसै सन्दर्भमा काठमाडौ महानगर पालिकाले यसै शैक्षिक वर्षदेखि लागु हुने गरी नमुनाको रूपमा “बुक फ्रि डे” भनी हरेक शुक्रबार बिना पुस्तक विद्यालय जाने र जीवनोपयोगी सीपहरु सिकाई व्यावहारिक र उत्पादनमुखी बनाउने लक्ष्य राखेको छ । जुन अन्य स्थानीय तहहरूका लागि पनि अनुकरणीय छ ।

हेटौंडा क्याम्पस, हेटौंडा
*bimala.gyawali921@gmail.com*

# भिटामिन ‘ई’को कमी हुँदा के हुन्छ ?



शरीरमा आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन विभिन्न खानेकुराबाट मिल्छ । साधारणतया भिटामिन ए, बी, सी र डी लाई लिएर हामी सचेत हुन्छौं तर शरीर लाई अतिआवश्यक पर्ने भिटामिन ईको विषयमा भने धेरैले चासो दिएको पाइँदैन ।

भिटामिन ईको कमी भएमा शरीरमा सामान्यदेखि गम्भीर खालका समस्या देखिन सक्ने पोषणविद् लीलबहादुर नेपाली बताउँछन् । ‘सबैभन्दा बढी शरीरलाई चाहिने भिटामिन सी र डी जस्तै, भिटामिन ई पनि शरीरको लागि अतिआवश्यक तत्व हो । तर यसबारे धेरैको ध्यान पुगेको देखिंदैन,’ उनी भन्छन् ।

### भिटामिन ईको स्रोत

पोषणविद् नेपाली भिटामिन ई हामीले खाने खानाबाटै प्राप्त गर्न सकिने बताउँछन् । भिटामिन ईको कमी वनस्पतिको तेल, विभिन्न फलफूल र तरकारीका बीउ, सुख्खा फलफूल र हरियो सागसब्जीबाट पूर्ति गर्न सकिन्छ । बदाम, ओखर, सूर्यमुखीको बीउ, ब्रोकाउली र पालक, मासु, अण्डा साथै अन्य धेरै खाद्य पदार्थमा भिटामिन ई प्रचुर मात्रामा पाइने नेपाली बताउँछन् । ‘धेरैले भिटामिन ई पनि पूरकको रूपमा लिन्छन्,’ उनी भन्छन् ।

### भिटामिन ईका फाइदा अनेक

पोषणविद् नेपालीका अनुसार भिटामिन ई एक घुलनशील तत्व हो । यसमा हुने ‘अल्फा कोटोफेरल’ले शरीरमा बिकार उत्पादन हुन दिंदैन ।

‘भिटामिन ई एन्टिअक्सिडेन्ट गुणले भरिपूर्ण भएकाले हाम्रो कोषिकाहरुलाई फ्री रेडिकलबाट जोगाउन मद्दत गर्छ,’ नेपाली भन्छन्, ‘अर्कोतर्फ जब हामी धुवाँ वा विकिरणको सम्पर्कमा आउँछौं, शरीरले खाद्य पदार्थ ग्रहण गर्दा बन्ने अणुहरूमा फ्री रेडिकल हुन्छ ।’

भिटामिन ई छाला र कपाल सुन्दर बनाउने भिटामिन भनेर पनि चिनिन्छ । यसले त्वचाको रुखोपन, चाउरी, समयभन्दा अगावै बुढो हुने तथा सूर्यको हानिकारक ‘अल्ट्रा भोइलेट’ किरणबाट बचाउन सक्ने पोषणविद् नेपाली बताउँछन् ।

यसले कुनै अंग भाँचिएको ठाँउमा जोड्न पनि मद्दत पुऱ्याउँछ । भिटामिन ईकै मद्दतले कोषिकाहरुलाई हानि पुग्न पाउँदैन । शरीरमा भिटामिन ईको मात्रा

...बाँकी पृष्ठ ३ मा

# यामाहाको माइलेज च्यालेन्जमा आचार्य प्रथम



माइलेज च्यालेन्जमा प्रथम, द्वितीय र तृतीय हुन सफल सहभागी ट्रफी र प्रमाणपत्र प्राप्त गरेपछि खुसी हुँदै ।

समाज संवाददाता

हेटौंडाः यामाहा कम्पनिले हेटौंडामा शनिबार आयोजना गरेको रे-जेड आर-१२५ एफ.आई. स्कुटरको माइलेज च्यालेन्समा कवित आचार्य प्रथम हुनुभएको छ । निर्धारित करिब २४ किलोमिटरको दूरीमा सहभागी ३५ जना मध्ये कवितले आफ्नो स्कुटरको माइलेज ७९ दशमवल ३४ किलोमिटर पुष्टि गरेका थिए ।

माइलेज च्यालेन्जमा ७९ दशमलव ०३ किलोमिटर सावित गर्दै सृजना घिमिरे द्वितीय हुँदा ७८ दशमलव ७० किलोमिटर सावित गर्ने दुर्गा प्रसाद लामिछाने तृतीय हुनुभयो । प्रथम, द्वितीय र तृतीय हुने सहभागीलाई ट्रफीसहित प्रमाणपत्र प्रदान गरिएको छ । हेटौंडा-४, मेनरोडस्थित यामाहाको शोरुम राज मोटर्सबाट सुरु भएको यात्रा मेनरोड, सीमाचोक, बुद्धचोक हुँदै नगरको विभिन्न स्थानको यात्रा तय गरेर हेटौंडा-५ स्थित रिगल हेटौंडा रिसोर्टमा पुगेको थियो । रिसोर्टमा सहभागीबीच मनोरञ्जनात्मक कार्यक्रम समेत गरिएको थियो ।

आफ्नो सेवाग्राहीलाई सन्तुष्टि दिलाउनुका साथै प्रतिस्पर्धामा सहभागी बीच मनोरञ्जनात्मक खेल र बिहानको खाना समेत खाएर शनिबारको दिन रमाईलो समेत भएको यामाहा कम्पनिको हेटौंडाका लागि आधिकारिक विक्रेता राज मोटर्सका प्रबन्ध निर्देशक राजन श्रेष्ठले जानकारी दिनुभएको छ । यामाहाका दुइपांग्रे सवारी प्रयोगकर्तालाई पार्टस् र सर्भिसमा सन्तुष्टी दिँदै आएको दावी गर्नुहुँदै श्रेष्ठले यस किसिमको कार्यक्रमले सेवाग्राहीको विश्वास जित्न सकिने बताउनुहुन्छ ।

## भिटामिन 'ई'को...

बढी हुने व्यक्तिमा मुटुरोगका खतरा कम हुने र स्तन क्यान्सरको लागि उपयोगी हुने विभिन्न अध्ययनले देखाएको छ ।

शरीरको प्रतिरोधात्मक क्षमता बढाउन र मस्तिष्कको लागि पनि यसको भूमिका हुने नेपाली बताउँछन् ।

**भिटामिन ई कमी भए के हुन्छ ?**

बेलायतको नेसनल हेल्थ सर्भिस (एनएचएस)ले दिएको जानकारीअनुसार भिटामिन ईको कमी हुँदा मांसपेशी कमजोर हुने, सुन्निने, बेचैनी हुने, हिंड्न गाह्रो हुने, सधैं बिरामी महसुस हुने जस्ता लक्षण महसुस हुन्छ ।

भिटामिन कमीको सबैभन्दा ठूलो लक्षण मांसपेशी कमजोरी नै पोषणविद् नेपाली पनि बताउँछन् । उनका अनुसार यसको कमीले स्नायु र मांसपेशीमा क्षति पुऱ्याउन सक्छ । भिटामिन ईको कमीले आँखाको रेटिना पातलो हुने र आँखाको भित्री तहमा समस्या हुन्छ ।

'यसको कमीले स्नायु र मांसपेशीको समस्या देखिन्छ । हातखुट्टा सुन्निने, झमझमाउने हुनसक्छ,' उनी भन्छन्, 'भिटामिन ईको कमीले प्रतिरक्षा कोषिकालाई रोक्न सक्छ । उमेर बढ्दै जाँदा प्रतिरक्षा प्रणालीमा हुने परिवर्तनका कारण वृद्धवृद्धामा भिटामिन ईको आवश्यकता बढी हुन्छ ।'

भिटामिन ईको कमी भएको देखिएको छ र खानाबाट पूर्ति हुन नसकेको अवस्थामा चिकित्सकको सुझावमा सप्लिमेन्ट पनि लिन सकिने नेपाली बताउँछन् ।

कुन उमेरमा कति ?

अमेरिकी नेसनल इन्स्टिच्युट अफ हेल्थ (एनआईएच)ले विभिन्न उमेरमा भिटामिन ई दैनिक सेवन गर्नुपर्ने उल्लेख गरेको छ ।

नवजात शिशु : ४ मिलिग्राम
६ महिनादेखि १ वर्ष : ५ मिलिग्राम
१ देखि ३ वर्ष : ६ मिलिग्राम
४ देखि ७ वर्ष : ७ मिलिग्राम
८ देखि १३ वर्ष : ११ मिलिग्राम
१४ वर्षभन्दा माथिः १५ मिलिग्राम
स्तनपान गराउने महिला : १७ मिलिग्राम

**भिटामिन ई क्याप्सुल लिंदा सावधानी**

भिटामिन ई क्याप्सुलको साइड इफेक्ट विरलै देखिन्छ । यद्यपि पछिल्ला केही अध्ययनले यसले छालामा दाग आउने समस्या देखिएको पोषणविद् नेपाली बताउँछन् ।

त्यस्तै, भिटामिन ई सप्लिमेन्टले रगत पातलो गर्ने र अन्य औषधि लिनेका लागि हानिकारक हुनसक्छ । कुनै पनि सप्लिमेन्ट लिनुअघि चिकित्सकसँग परामर्श भने लिनैपर्छ । (स्रोतः अनलाईनखबर)

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# कृषक समूहमार्फत् चेपाङ महिलाको सशक्तिकरण

समाज संवाददाता

हेटौंडाः चेपाङ महिलाको आर्थिक सशक्तिकरणाका लागि समूह गठन गरिएको छ । खाद्य तथा पोषणको कमीले विभिन्न समस्या भोगिरहेका चेपाङ महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने उद्देश्यले समूह गठन गरिएको हो ।

राक्सिराङ गाउँपालिका-५ स्थित कुत्तसिंह, लाइसिराङ, माइसिराङ, जिर्खिडाँडा, धेनेराङ आदि बस्तीका चेपाङ महिलाहरुको सहभागितामा कृषक समूह गठन गरिएको छ । समूहमार्फत् स्थानीय र प्रदेश सरकारसँगको साझेदारीमा कृषि विकाससँग सम्बन्धित कार्यहरु गरिने बताइएको छ । समूहमा आवद्ध महिलाहरुले बाख्रा पालन, पाडापाडी पालन, बंगुर पालन आदि कार्यका लागि सहयोग माग गरेका छन् ।

स्थानीयस्तरमा कार्यरत विभिन्न संघसंस्थाहरुसँग समेत समन्वय र सहकार्य गर्दै समूहलाई अगाडि बढाइएको छ । समूहमा आबद्ध महिलाहरुले स्थानीयस्तरमा कार्यरत संस्थासँग समन्वय गरी माहुरीको घार बनाउने, स्थानीय चिउरीको नर्सरी तयार गर्ने, जलवायु परिवर्तनले परम्परागत खाद्य प्रणालीमा पार्ने असर तथा प्रभाव आदिका बारेमा तालिम लिएका छन् ।

खाद्य अधिकार प्रभावित चेपाङहरुले माहुरीको घार निर्माणसँगै रानी माहुरी र माहुरीको घारसमेत प्राप्त गरेका छन् । गाउँपालिकाबाट कृषि शाखाका प्राविधिक तथा स्थानीय अगुवाहरुको सहयोग लिएर अगाडि बढिरहेको खाद्य अधिकार प्रभावित समूहका प्रवर्द्धक अशोक प्रजाले माथी जानकारी दिनुभयो । फियान नेपालले खाद्य अधिकार प्रभावित समुदायका सदस्यहरुलाई सशक्त बनाउन आवश्यक समन्वय गराउने कार्य गरिरहेको प्रजाले बताउनुभयो ।

# सीता र त्रिजटाको मूर्ति बनाइने

समाज संवाददाता

हेटौंडाः राक्सिराङ-३, सरिखेतमा सीता र त्रिजटाको मूर्ति स्थापनाका लागि भूमिपूजन गरिएको छ । शनिबार सीता जयन्तीको अवसरमा पारेर भूमिपूजन गरिएको राप्ती वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले बताउनुभयो ।

एक सय वर्षभन्दा पुराना सीता अशोकको रुख ३० वटा भएको र सयौंको संख्यामा साना सीता अशोकको रुख भएकाले त्यस स्थानलाई पर्यटकीय स्थलको रुपमा निर्माण गर्ने उद्देश्यले मूर्ति स्थापना गर्न लागिएको आचार्यको भनाई छ । रावणले सीतालाई हरण गरेपछि त्रिजटा र सीता अशोकको रुखमुनी तपस्या गरेर बसेकाले त्यस स्थानमा मूर्ति स्थापना गर्न लागिएको हो ।

वन कार्यालयले पर्यटकीय स्थल बनाउने, विश्राम स्थल बनाउने उद्देश्य राखेको छ । सरिखेतका हरेकको घरमा सीता अशोकको रुख रोप्ने उहाँले बताउनुभयो । पर्यटन प्रवर्द्धनका लागि अघिल्लो अर्थिक वर्षमा ५ लाख विनियोजना गरेको र यस वर्ष १० लाख विनियोजन गरी भऱ्याङ कालिका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षको संयोजकत्वमा कार्य सुरु भएको बताइएको छ । हरेक वर्ष सीता जयन्ती र राम नवमीमा विभिन्न कार्यक्रम आयोजना गर्ने आचार्यले बताउनुभयो ।

# लेखापढी व्यवसायीमा जेयो

समाज संवाददाता

हेटौंडाः नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन शिखरकोट इकाई समितिको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशन शनिबार भएको छ । इकाई अध्यक्ष राम प्रसाद गोपालीको अध्यक्षता तथा केन्द्रीय सचिव आत्माराम मुक्तानको प्रमुख आतिथ्यमा सम्पन्न भएको अधिवेशनबाट जेयो तामाङको अध्यक्षतामा सात सदस्यीय नयाँ समिति गठन गरेको छ ।

मकवानपुर जिल्लाको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको शिखरकोट इकाई समितिको उपाध्यक्षमा कृष्ण बलामी, सचिबमा उपेन्द्र केसी, सहसचिबमा झर्ना गोपाली र कोषाध्यक्षमा शर्मिला जिम्बा चयन हुनुभएको छ । यस्तै सदस्यमा भिम बहादुर स्याङ्तान र विश्वास केसी चयन हुनुभएको निर्वाचन संयोजक प्रकाश लामा थोकरले जानकारी दिनुभएको छ । साधारणसभाको उद्घाटन कार्यक्रममा केन्द्रीय सदस्य तथा प्रदेश सचिब खिल प्रसाद गौतम, प्रदेश अध्यक्ष महालक्ष्मी श्रेष्ठ, मकवानपुर जिल्ला समन्वय समितिका अध्यक्ष पूर्ण प्रसाद अर्याल, हेटौंडा इकाईका उपाध्यक्ष तेजराज पाण्डे, अदालत इकाई अध्यक्ष तेज कुमारी थापा, शिखरकोट मालपोतका रामचन्द्र लामाको पनि उपस्थिति रहेको थियो ।

# पोखरीमा डुबेर बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-७, हात्तिखोला नजिकै सार्वजनिक जग्गामा सिँचाईका लागि खनिएको पोखरीमा पौडी खेल्ने क्रममा डुबेर एक बालिकाको मृत्यु भएको छ ।

शनिबार दिउँसो ३ बजेर २० मिनेटको समयमा स्थानीय ११ वर्षीया बिनिता राईको पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । पोखरीमा डुबेर अचेत अवस्थामा उद्दार गरिएकी राईलाई उपचारका लागि बकैया आधारभूत स्वास्थ्य केन्द्र छतिवनमा पुर्याउँदा चिकित्सकले राईलाई मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

## समुदायमा...

सुनुवारलाई सिलाई मेसिन हस्तान्तरण गरेको छ । सिलाईसम्बन्धी सीप भएपनि मेसिनको अभावमा रोजगारीमा जोडिन नसकेकी सुनुवारलाई नगर प्रमुख मीनाकुमारी लामाले सिलाई मेसिन हस्तान्तरण गर्नुभएको हो । उपमहानगरले आयआर्जनमा जोड्नका लागि १३ हजार ६ सय रुपैयाँ बराबरको मेसिन सुनुवारलाई दिएको हो ।

# घर-जग्गा व्यवसायी संघमा मैनाली

समाज संवाददाता

हेटौंडाः मकवानपुर घर जग्गा व्यवसायी संघको अध्यक्षमा कमलराज मैनाली चयन हुनुभएको छ । शनिबार हेटौंडामा आयोजित संघको दोस्रो अधिवेशनले मैनालीको अध्यक्षतामा १३ सदस्सीय नयाँ कार्यसमिति चयन गरेको हो ।

कार्यसमितिको उपाध्यक्षमा भिम प्रसाद तिमल्सिना, राजकुमार बानियाँ र ईवाकर मैनाली चयन हुनुभएको छ । महासचिवमा शम्भु पुडासैनी, सचिवमा विजय गौतम, कोषाध्यक्षमा कृष्ण प्रसाद चौलागाई र सह-कोषाध्यक्षमा दिपेन्द्र यादव रहनु भएको छ । सदस्यहरुमा राज कुमार थिङ, गोपाल कृष्ण नेपाल, गणेश बहादुर भोलन, शंकर बहादुर राउत र राज कुमार बास्तोला रहनुभएको छ । नयाँ कार्य समितिको कार्यकाल ३ वर्षको रहने छ । निवर्तमान अध्यक्ष ध्रुव घिमिरेको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो ।

# भेटेरिनरी दिवसमा औषधी वितरण



समाज संवाददाता

हेटौंडाः विश्व भेटेरिनरी दिवसको अवसरमा मानवसेवा आश्रममा औषधी वितरण गरिएको छ । बागमती प्रदेशको पशुपछी तथा मत्स्य विकास निर्देशनालयअन्तर्गत्को भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मकवानपुरले हेटौंडा-९, लामसुरेधापमा रहेको मानवसेवा आश्रममा रहेका गाईलाई औषधी वितरण गरेको हो ।

भेटेरिनरी पेशामा विविधता, समता र समावेशिताको प्रबर्द्धन भन्ने नारासहित विश्व भेटेरिनरी दिवस २०८० औषधी वितरण गर्दै मनाइएको छ । मानवसेवा आश्रमले पालेको ८ वटा गाईलाई औषधी वितरण गरिएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो । ती गाईहरुका लागि करिब १० हजार रुपैयाँ बराबरको औषधी सहयोग गरिएको उहाँले बताउनुभयो ।

# २१ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल मकवानपुरको आयोजनामा शनिबार बिहान हेटौंडा-११, सहीद स्मारकमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र हेटौंडाका अनुसार आज आइतबार हेटौंडा औद्योगिक क्षेत्रस्थित आरएन केमिकल उद्योगले रक्तदान कार्यक्रमको आयोजना गरेको छ । यस्तै बैशाख २१ गते महामति बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पनि रक्तदान कार्यक्रमको आयोजना गरेको छ । पछिल्लो समय नियमित रक्तदान कार्यक्रम भइरहेकोले मागअनुसार रगत वितरण गर्न सहज अवस्था रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

धराखोल्सी (पापीखोल्सी) (कापराङ्ग (दापराङ्ग (कुन्टार( डोडारे सडक (८.९५८ कि.मि.) निर्माण तथा स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE)

प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१७ गते)

बाग्मती प्रदेश, मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिकामा, इन्द्रसरोवर गाउँपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना : इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालय, इन्द्रसरोवर गाँउपालिका वाड नं २, कुलेखानी, मकवानपुर

प्रस्तावको नाम, प्रस्तावित आयोजनाहरुट वातावरणीय प्रभाव पर्न सक्ने जिल्ला, गाउँपालिका, तथा वडाहरुः

| क्र.सं. | प्रस्तावको नाम | जिल्ला | प्रभाव पर्ने गाउँपालिका | प्रभाव पर्ने वडाहरु |
|---|---|---|---|---|
| १ | धराखोल्सी (पापीखोल्सी) -कापराङ्ग -दापराङ्ग -कुन्टार- डोडारे सडक (८.९५८कि.मि.) निर्माण तथा स्तरोन्नति कार्य | मकवानपुर | इन्द्रसरोवर | ३ |

सो प्रस्तावहरू कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्तावहरु कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक प्रणाली, साँस्कृतिक प्रणाली, जैविक प्रणाली, आर्थिक तथा सामाजिक प्रणाली, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तर-सम्बधमा के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्तावहरू प्रभावित क्षेत्रमा पर्ने गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ-संस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २ (अनुसूची ९) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु

**प्रस्तावकको नाम र ठेगाना**
इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालय, इन्द्रसरोवर गाँउपालिका वाड नं २, कुलेखानी, मकवानपुर
इमेलः info@indrasarowarmun.gov.com
indrasarowarmun@gmail.com

**परामर्शदाता**
क्वेष्ट ईन्जिनियरिङ्ग प्रा.लि.
काठमाडौं, नेपाल
इमेलः questengineering074@gamil.com

# हेटौंडा साइकल रनको उपाधी मगरलाई



पुरस्कार वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः खुल्ला हेटौंडा साइकल रन प्रतियोगिताको उपाधी पुजन मगरले जितेका छन् । शनिबार बिहान भएको प्रतियोगितामा ३८ मिनेट १९.३७ सेकेन्डमा २५ किलोमिटर दूरी पार गर्दै मगरले उपाधी जितेको हो । उपाधीसँगै मगरले ५० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेको छ ।

३७ मिनेट १४ सेकेन्डमा दुरी पार गरेका राजिव ठाकुर मकवानपुर जिल्लाको स्थायी बसोबासी नभएको पाइएपछि मगरलाई स्वतः प्रथम घोषणा गरिएको नगर युवा तथा खेलकुद शाखाका प्रमुख बसन्त सिटौलाले जानकारी दिनुभयो । ठाकुरले १८ वर्ष समेत पूरा नभएको पाइएको थियो । यस्तै ३८ मिनेट १९.७७ सेकेन्डमा निर्धारित दूरी पार गर्दै आशिष थापा मगर द्वितीय र ३९ मिनेट ३८.२३ सेकेन्डमा निर्धारित दूरी पार गरेका सुमन आले मगर तृतीय भएका छन् । द्वितीय र तृतीय हुने दुवैले क्रमशः ३० हजार र २० हजार रुपैयाँ प्राप्त गरेको छ । यस्तै सान्त्वना भएका प्रदीप थापा क्षेत्री र निशान श्रेष्ठले १०-१० हजार रुपैयाँ प्राप्त गरेका छन् । शनिबार बिहान हुप्रचौरबाट सुरु भएर गर्दोइ, क्याम्पाडाँडा, हटिया र कमाने हुँदै पुनः हुप्रचौरमा आएर प्रतियोगिता समापन भएको थियो । प्रतियोगितामा ५० जनाको सहभागिता रहेको थियो ।

नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो । पुरस्कार वितरण कार्यक्रममा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गी, हेटौंडा १ का वडाध्यक्ष सविन न्यौपाने र १४ का वडाध्यक्ष दीपक खड्का लगायतको आतिथ्य रहेको थियो ।

## गोलबजार मेयर गोल्डकप

# मकवानपुर-११ ले उपाधिका लागि सलहेससँग खेल्ने

समाज संवाददाता

हेटौंडाः सिराहामा जारी छैठौं संस्करणको गोलबजार मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि मकवानपुर-११ ले सिराहाको सलहेस युवा क्लबसँग खेल्ने भएको छ । शनिबार सम्पन्न दोस्रो सेमीफाइनल खेलमा गुरुधाम फुटबल क्लबलाई पराजित गर्दै सलहेसले मकवानपुरसँगको भेट निश्चित गरेको हो । यसअघि शुक्रबार मकवानपुर-११ ले वीरगन्ज युनाइटेडलाई पराजित गर्दै उपाधि नजिक पुगेको थियो ।

शनिबार भएको खेलमा निर्धारित समय गोलरहित बराबरी भएको थियो । टाइब्रेकरमा पनि बराबरी भएपछि खेल सडन डेथमा पुगेको थियो । सडन डेथको आठौं प्रहारमा सलहेसका सांगुले निर्णायक गोल गर्दा गुरुधाम एफसीका रवि रखालको प्रहार सलहेसका गोलरक्षक मनोज प्रधानले रोक्न सफल भए । आज आइतबार रौतहट र गाइघाटको महिला टिमबीच मैत्रीपूर्ण खेल हुने आयोजकले जनाएको छ ।

सोमबार हुने फाइनल खेलको विजेता टिमले उपाधिसहित नगद २ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछ । मकवानपुर-११ ले पछिल्लो पटक विभिन्न जिल्लामा भइरहेको प्रतियोगितामा सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गर्दै आएको छ । यसअघि सिमरा गोल्डकपमा मकवानपुर सेमिफाइनलमा प्रवेश गरेको थियो । जिल्लाको टिम भनिए पनि जिल्लाका सीमित खेलाडीले मात्रै खेल्ने अवसर पाउने गरेको भनी आलोचना भएपछि मकवानपुर जिल्ला फुटबल संघले जिल्लाका युवा खेलाडीको मात्रै सहभागितामा टिम बनाएर प्रतियोगितामा सहभागिता जनाउँदै आएको छ ।

# व्यवस्थित सहर बानाउन आवश्यकः मन्त्री मोक्तान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सहरका घर जग्गा व्यवसायलाई व्यवस्थापन गरी व्यवस्थित सहर बनाउन आवश्यक रहेको बताउनुभएको छ । शनिबार हेटौंडामा आयोजित मकवानपुर घरजग्गा व्यवसायी संघको साधारणसभा तथा दास्रो अधिवेशनलाई सम्बोधन गर्दै मन्त्री मोक्तानले यस्तो बताउनुभयो ।

आफूले बुझेको घरजग्गाको दायरा फरक रहेको बताउँदै मन्त्री मोक्तानले समाजमा नेताहरुलाई राम्रो भन्न छाडेका, कर्मचारीलाई राम्रो कर्मचारी भन्न छोडिएको र घरजग्गा व्यवसायीलाई पनि नराम्रो भन्ने गरेको पाइएको बताउनुभयो । घर जग्गा व्यवसायलाई व्यवस्थित बनाई यस व्यवसायलाई गर्विलो बनाउन सकिनेमा मन्त्री मोक्तानले जोड दिनुभयो ।

राम्रो कामका लागि सरकारले सधैं सहयोग गर्ने भएकाले यस व्यवसायको राम्रो उद्देश्यलाई अडिग लिएर अगाडि बढ्न जरुरी रहेको उहाँको भनाई छ । आगामी दिनमा राम्रो कामको लागि हातेमालो गरेर अघि बढ्न आफू तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । अहिले भएको आर्थिक मन्दीका लागि सरकारको दोष नभएको र आर्थिक मन्दीले सबैलाई असर गरेकाले यस संकटलाई पार गर्न सबैको साथ सहयोग हुन आवश्यक रहेको उहाँले बताउनुभयो ।

मकवानपुर घरजग्गा व्यावसायी संघका अध्यक्ष तथा नेपाल जग्गा आवास विकास महासंघका महासचिव विष्णुप्रसाद घिमिरेको सभाध्यक्षता तथा बागमती प्रदेशका सामाजिक विकासमन्त्री मोक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेष लोहनी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, राष्ट्रिय युवा परिषद् बागमती प्रदेशका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, जिल्ला प्रहरी प्रमुख बामदेव गौतमलगायतको उपस्थिति रहेको थियो ।

# विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिका-६, टिष्टुङमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । शनिबार रोटरी क्लब अफ काठमाडौं वेष्टको आयोजनामा भएको शिविरमा २ सय २९ जनाले सेवा लिएको बज्रवाराही माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोलले बताउनुभयो ।

बज्रवाराही माध्यमिक विद्यालयमा भएको शिविरमा रोटरी स्याटलाइट क्लब अफ काठमाडौंको सहयोग रहेको थियो । शिविरमा विद्यार्थीको आँखा, नाक, कान, घाँटी र हाडजोर्नीको जाँच गरिएको थियो । विद्यार्थीसंगै अभिभावक र अन्य विद्यालयका विद्यार्थीले पनि शिविरबाट स्वास्थ्य जाँच सेवा लिएको डंगोलले जानकारी दिनुभयो ।

# बसको ठक्करबाट एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-९, पानीट्याङ्कीमा सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा एक जना घाइते भएका छन् ।

शुक्रबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा रामेछापबाट काठमाडौं आउँदै गरेको बा ५ ख ५६२९ नम्बरको बसले विपरीत दिशाबाट जाँदै गरेको बा. प्र. ०२-०२९ प ०८४० नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक ३० वर्षीय विशेष तिवारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बसको ठक्करबाट विशेष गम्भीर घाइते भएका थिए । घाइते विशेषलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा बेलुका ८ बजेर २५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका थिए । स्कुटरको पछाडि सवार १७ वर्षीय सुमिन तिवारी सामान्य घाइते भएका थिए । घाइते सुमिनको धुलिखेल अस्पताल उपचार भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै, दोलखा जिल्लाको लिखु तामाकोशी गाउँपालिका-३, कमेरेपानीमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । शुक्रबार विक टोल बस्ने ५४ वर्षीया धनमाया विक घाँस काट्ने क्रममा भिरबाट लडेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

# बहस तथा रचना वाचन गर्दै लेखक दिवस मनाइयो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा राष्ट्रिय लेखक दिवसको सान्दर्भिकतामाथि बहस तथा रचना वाचन गर्दै प्रथम राष्ट्रिय लेखक दिवस २०८० मनाएको छ । शनिबार नेपाली लेखक संघ मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा दिवस मनाइएको हो ।

घनश्याम घिमिरे र कृष्णप्रसाद दाहालले उक्त विषयमा बहसकर्ताको भूमिका निर्वाह गर्नुभयो । कार्यक्रममा राम अविकासले सहजकरण गर्नुभएको थियो ।

लेखकहरुको इतिहास, परिचय, योगदान र समाजमा पारेका सकारात्मक परिवर्तनबारे बहस गरिएको थियो । संस्थाको स्थापना दिवसका दिन तथा लेख लेखिएकै भरमा लेखकलाई पक्राउ गरेको दिनलाई राष्ट्रिय लेखक दिवस मनाउनुपर्छ भन्ने विषय बहसका क्रममा उठेका थिए । लेखकहरुको यथोचित सम्मान, मूल्यांकन र आन्दोलन परिवर्तनको सम्बाहक हो भन्ने कुरा बहसकर्ताहरुले उठाउनुभयो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले फरकफरक मितिमा राष्ट्रिय लेखक दिवस मनाउने भन्ने कुरा सान्दर्भिक नभएको उल्लेख गर्नुभयो । छलफलका क्रममा रहेका बेला यस्ता विषय आएकाले आफूले पुनर्विचार गर्ने उहाँको भनाई छ । झरना साहित्यिक परिवार मकवानपुरका निवर्तमान अध्यक्ष दीपक गौतमले नेपाली लेखक संघको केन्द्रीय सर्कुलरअनुसार देशभर उक्त दिवसमा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाइएको बताउनुभयो ।

हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले राष्ट्रिय दिवस भएकाले सबैले उक्त दिवस मनाउने गरी साझा दिवस बनाउन आग्रह गर्नुभयो । भौतिक विकासमात्र नभई स्थानीय सरकारले भाषा, कला र संस्कृतिको संरक्षणमा भूमिका निभाउँदै आइरहेको उहाँले जानकारी दिनुभयो । आर्थिक अभावका कारण साहित्यिक गतिविधिहरु रोकिन नदिने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्यको सभाध्यक्ष तथा केन्द्रीय सदस्य हयग्रीव आचार्यको प्रमुख आतिथ्यमा दिवस मनाएको हो ।

# बीबीएम आठौं सेमेष्टेरको बिदाई

समाज संवाददाता

हेटौंडाः हेटौंडाको मकवानपुर बहुमुखी क्याम्पसले शनिबार बीबीएमको आठौं सेमेस्टेरका विद्यार्थीलाई बिदाई गरेको छ । बीबीएम आठौं सेमेस्टेर पूरा गरेका विद्यार्थीलाई क्याम्पसले एक कार्यक्रम गरेर बिदाई गरेको क्याम्पसका प्राध्यापक सुशील न्यौपानेले बताउनुभयो ।

बीबीएमको बिदाईसँगै बीबीएम, बीबीए र बीआईसीटीई पहिलो सेमेष्टेरका विद्यार्थीलाई स्वागत कार्यक्रम गरिएको थियो । मकवानपुर बहुमुखी क्याम्पसको बीबीएम र बीबीए विभागले आयोजना गरेको कार्यक्रम हेटौंडाको एभोकाडो रिसोर्टमा भएको हो । कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसबाट २०७९ मा नेपालकै प्रथम, द्वितीय र तृतीय हुने ११ जनालाई सम्मान गरिएको थियो । विद्यार्थीहरुलाई उत्कृष्ट नतिजा ल्याउन सहयोग पुऱ्याउने १६ प्राध्यापकलाई सम्मानसहित विविध सांस्कृतिक कार्यक्रम भएको न्यौपानेले बताउनुभयो ।

# बैशाख २० गतेदेखि बिराट महायज्ञ

समाज संवाददाता

हेटौंडाः आगामी बैशाख २० गतेदेखि हेटौंडा-१०, गोरक्षेश्वर दिव्यधाममा बिराट महायज्ञ हुने भएको छ । गोरक्षेश्वर क्षेत्र विकास समितिले शनिबार पत्रकार समेलन गर्दै बैशाख २० गतेदेखि बिराट महायज्ञ हुन लागेको जनाएको हो ।

महायज्ञमा करापात्री स्वामी कृष्ण प्रपन्नाचार्यबाट सङ्गीतमय श्रीमद्भागवत कथा बाचन हुनेछ । कार्यक्रमको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले गर्नुहुने जनाइएको छ । महायज्ञमा बैशाख २० गतेदेखि २६ गतेसम्म विभिन्न कार्यक्रम गरिने समितिका महासचिव हयग्रीव आचार्यले बताउनुभयो । आचार्यका अनुसार महायज्ञमा आउने सम्पूर्ण दर्शनार्थीलाई दक्षिणासमेत दिने व्यवस्था मिलाइएको छ । २० गते बिहान ७ बजे बिशाल शान्तिशोभा कलशयात्रा, बैशाख २४ गते दिउँसो ३ बजे विश्वशान्तिको कामना गर्दै हेटौंडा बजारको मुख्य चोकहरुमा दीप प्रज्ज्वलन, बैशाख २४ गते बिहान ८ बजे बटुकहरुको वैदिक ब्रतबन्ध हुने र बैशाख २५ गते ५ बजे राप्तीतटमा सवापाँच करोड दीप प्रज्ज्वलन गरिने उहाँले बताउनुभयो । महायज्ञबाट निर्माणाधीन बहुआयामिक धर्मशाला पूरा गर्ने, करियापुत्री भवन निर्माण गर्ने, होमकुण्ड निर्माण गर्ने, मुक्तिनाथ मन्दिर निर्माण गर्ने, वैकुण्ठद्वार निर्माण गर्ने र दुर्लभ वनस्पतियुक्त बगैंचा निर्माणका लागि सहयोग प्राप्त हुने समितिले जनाएको छ । बिराट महायज्ञ २०६० सालदेखि सुरु गरिएको थियो । २०६०, २०६५, २०७०, २०७५ हुँदै पाँचौं संस्करणको रुपमा २०८० बैशाख २० गतेदेखि हुन लागेको हो ।

स्वादिष्ट नेवारी खाजा

अब






होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

I Want to Swim



हार्दिक बधाई





जेसीआई हेटौंडाको पूर्वअध्यक्ष क्लबको मिति २०८० साल बैशाख १६ गते सम्पन्न साधारणसभाबाट वर्ष २०२३ का लागि पूर्वअध्यक्ष क्लबको अध्यक्षमा **जेसी धर्मकृष्ण श्रेष्ठ** र सचिबमा **सिनेटर सन्देश डीसी** चयन हुनुभएकोमा हार्दिक बधाई व्यत्तः गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**सिनेटर राजदेब बनियाँ**
**सचिव**
**पूर्वअध्यक्ष क्लब जेसीआइ हेटौंडा-२०२२**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ